# बुलिङटार गाउँपालिका
## Bulingtar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
### Office Of The Rural Municipal Executive
बुलिङटार, नवलपरासी(वर्दघाट सुस्ता पूर्व)
Bulingtar,Nawalparasi(East Of BardaghatSusta)

R5PR+67 बुलिङ्टार
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


पत्रसंख्या(Letter No).:-०७९।०८०
चलानी नं(Ref No).:-

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/१८**

**दोस्रो पटक प्रकाशित मिति : २०७९/१०/०५**

विषय: औषधी वा सर्जिकल सामानहरु आपुर्ति गर्न सिलबन्दी दरभाउपत्र पेस गर्ने सम्बन्धमा ।

बुलिङटार गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक स्वास्थ्य ईकाइ,स्वास्थ्य चौकि र प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन एवं जनस्वास्थ्यसंग सम्बन्धित अत्यावश्यक औषधी वा सर्जिकल सामानहरु माग भए बमोजिम आ.व.२०७९/८० को लागि स्वीकृत कार्यक्रम अन्तर्गत यस कार्यालय अन्तगर्तका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक सामानहरु सप्लाई गर्ने कार्यका लागि निम्न अनुसार हुने गरि पुन **दोस्रो पटक** सूचना प्रकासन गरिएको छ यो **दोस्रो पटक** सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र उक्त कार्य गर्नको लागि नेपाल सरकारबाट इजाजत प्राप्त तथा सूचिकृत फर्म कम्पिनिहरुबाट दरभाउपत्र आह्वान गरिन्छ ।

१ दरभाउपत्र सम्बन्धि सूचना **दोस्रो** पटक प्रकाशित मितिले १५ दिन भित्र चालु आ.व.को लागि नबिकरण गरेको इजाजतपत्र नेपाल सरकार तथा औषधि ब्यबस्था विभागबाट औषधिको कारोबार तथा सप्लाई गर्न इजाजत प्राप्त प्रमाण पत्र ,आय कर दर्ता प्रमाण पत्र एवं मु.अ. कर दर्ता प्रमाण पत्र ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सलग्न राखि खरिद गर्न सकिन्छ ।

२ माग बमोजिम अत्यावश्यक औषधी वा सर्जिकल सामानहरु सप्लाई गनुपर्नेछ । माग नभएको अबस्थामा उक्त सामानहरु खरिद गर्न गाउँपालिका बाध्य हुने छैन ।

३ सिलबन्दी दरभाउपत्रमा उल्लेख भए बमोजिमको गुणस्तरको औषधी एवं सर्जिकल सामानहरु सप्लाई गर्नु पर्ने छ ।

४ **दोस्रो** पटक सूचना प्रकासित भएको मितिले १५ दिन भित्र बुलिङटार गाउँपालिका स्वास्थ्य शाखाबाट रु १०००।- फिर्ता नहुने गरि दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । **दोस्रो** पटक सूचना प्रकाशित मितिले १६ औ दिनको १२ बजे भित्र सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र सोहि दिनको २ बजे साक्षी प्रतिनिधिको रोहबरमा गा.पा. कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने र पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदा पछि कार्यालय खुलेको दिन सोहि समयलाई मानिने छ ।

५ सूचनामा उल्लेख भएकोमा सोहि बमोजिम र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन एवं प्रचलित कानुन बमोजिम हुने छ ।

६ अन्य कुराहरु गा.पा.को निर्णय एवं प्रस्ताव फारममा उल्लेख भए अनुसार हुने छ ।

७ औषधी र सर्जिकल सामानहरुको विवरण यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र फारमको साथ उपलब्ध गराईने छ ।

८ सिलबन्दी दरभाउपत्र खरिद गरेको रकम खरिद गर्नुपूर्व र Security Deposit दाखिला गर्ने अन्तिम दिनबाट न्यूनतम ४५/७५ दिन म्याद राखि निम्न लिखित बैकको खातामा दाखिला गरि सक्कल भौचर बुझाउनु पर्ने छ ।

बैंकको नाम, शाखा: नबिल बैंक, बुलिङटार शाखा
कार्यालयको नाम: बुलिङटार गाउँपालिका
राजश्व खाता नं.२३३०१०१७५०००४३ (For Bid Document Purchase)
धरौटी खाता नं. २३३०१०१७५०००२८ (For Bid Security Deposit)

९ बिस्तृत सूचना सिलबन्दी दरभाउपत्र फारमको साथ राखिएको छ ।

| क. स. | सिलबन्दी दरभाउपत्र सूचना नं. | आयोजनाको नाम | लागत मुल्य | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७९/०८०/०१/औषधी | औषधी वा सर्जिकल सामानहरु खरिद गर्ने | रु १४८४४३८।१ | रु.४००००/- | |

प्रमुख प्रशासकिय अधिकृत

विशाल मिश्र
प्रमुख प्रशासकीय अधिकृत

**"बस्न योग्य,हेर्न लायक समृद्ध बुलिङटार"**


9857070107 www.bulingtarmun.gov.np info@bulingtarmun.gov.np